" कृषि, पर्यटन र पुर्वाधार, समृद्ध मिक्लाजुङको आधार "
स्थानीय सरकार
मिक्लाजुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रवि, पाँचथर
कोशी प्रदेश, (नेपाल)

प.सं :.२०८१/०८२
च.नं :.

मितिः२०८१/०४/०१
नेपाल संवत् ११४४ दिल्लाथ्व, दशमी

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी जरुरी सूचना ।

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत यस मिक्लाजुङ गाउँपालिकाबाट यस आर्थिक वर्षको लागि लाभग्राहीहरुको परिचय-पत्र नविकरण सम्बन्धमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ उल्लेख भए बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आ.ब.२०८१/०८२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि यहिँ **२०८१ श्रावण ०१ गते देखी भाद्र मसान्त** भित्र देहायका कागजातहरु संलग्न राखि परिचयपत्र नवीकरण गर्नका लागि सम्बन्धित लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयहरुमा स्वयंम उपस्थित भई परिचयपत्र नवीकरण गराउनु हुन अनुरोध गरिन्छ ।

**पुनश्च: तोकिएको समयमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण नभए प्रणाली मार्फत स्वतः लाभग्राहीको लगत कट्टा हुने र त्यस्ता लाभग्राहीले पुनः सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनु पर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।**

**आवश्यक कागजातहरुः**

- राष्ट्रिय परिचयपत्रको प्रतिलिपी वा राष्ट्रिय परिचयपत्र आवेदन फाराम सहित उपस्थित हुनु पर्ने ।
- जेष्ठ नगरिक र दलित जेष्ठ नागरिकको हकमा - नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सामाजिक सुरक्षा प्राप्त गरिरहेको परिचयपत्रको प्रतिलिपि / परिचयपत्र नम्बर,
- दलित बालबालिकाको हकमा - जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अपाङ्गता भएका व्यक्तिको हकमा - पालिकाबाट जारी भएकी अपाङ्गता परिचयपत्रको प्रतिलिपि १६ वर्ष मुनिको भए जन्मदर्ता प्र.प्र. को प्रतिलिपि वा १६ वर्ष माथिको भए ना.प्र. प्र. को प्रतिलिपि,
- असहाय एकल / विधवा महिलाको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, पतिको मृत्यू दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस,
- पासपोर्ट साइजको फोटो २ प्रति र सम्बन्धित बैक चेकको प्रतिलिपी १ प्रति ।

दुर्ग प्रसाद लिम्बू
एम. आई. एस अपरेटर

योगेन्द्र राई
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ-**

**श्री सवै वडा कार्यालय- सम्पूर्ण लाभग्राही हरुलाई जानकारी गराउन हुन ।**

**श्री सूचना तथा प्रविधि शाखा-वेवसाईट तथा आधिकारिक सामाजिक सञ्जालमा Upload गरिदिनु हुन ।**